## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी सीता कुमारी यादव मु.नं (०८०-CR-०००२) फैसला मिति २०८०/११/१८ | झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको। | **आयोगको मागदावी**<br>•श्री नवयुवक आधारभूत विद्यालय,थुम्हौना,धनुषामा कार्यरत प्रा.वि. राहत शिक्षक सीता कुमारी यादवक शैक्षिक योग्यताको प्रमाणपत्र तथा अध्यापन अनुमतिपत्र नक्कली भएकोले निजको शैक्षिक योग्यताको प्रमाणपत्र छानविन गरी आवश्यक कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादी सीता कुमारी यादवलाई निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>•प्रतिवादी सीता कुमारी यादवले आरोपदावी बमोजिमको कसूरबाट सफाई हुने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•वादी पक्षको आरोप दावीमा सन् २००७ मा नक्कली माध्यामिक शिक्षाको लब्धाङ्क पत्र प्राप्त गरेको दावी लिएको तर यि प्रतिवादीले शिक्षक नियुक्ति हुनुपूर्व मिति २०५९।०४।१२ मा नै अध्यापन अनुमतिपत्र प्राप्त गरेको देखिंदा वादीको आरोपदावी आफैमा विरोधाभाषपूर्ण देखिन्छ।<br>•प्रमाण ऐन,२०३१ को दफा २५ ले सरकारवादी फौजदारी मुद्दामा कसूर प्रमाणित भार वादीमा रहन्छ,अभियोजक पक्षले शंकारहित तवरले पुष्टि गर्नुपर्छ,शंकाको सुविधा प्रतिवादीले पाउने भन्ने फौजदारी न्यायको सिद्धान्तलाई प्रस्तुत मुद्दामा नजर अन्दाज गर्न मिलेन। | •श्री नवयुवक आधारभूत विद्यालय,थुम्हौना,धनुषामा कार्यरत प्रा.वि. राहत शिक्षक सीता कुमारी यादवको शैक्षिक योग्यताको प्रमाणपत्र तथा अध्यापन अनुमतिपत्र नक्कली भएकोले निजको शैक्षिक योग्यताको प्रमाणपत्र छानविन गरी आवश्यक कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर थप अनुसन्धान पश्चात दायर भएको प्रस्तुत मुद्दा प्रतिवादी सिता कुमारी यादवले धनुषा जिल्लाको श्री नवयुवक आधारभूत विद्यालय,थुम्हौनाको विद्यालय व्यवस्थापन समितिको मिति २०६४/०९/१३ को निर्णय अनुसार मिति २०६४/०९/१५ देखि लागु हुने गरी प्रा.वि.शिक्षक तहमा राहत पदमा अस्थायी नियुक्ति लिएको देखिन्छ, उक्त नियुक्ति लिंदा विद्यालयमा पेश गरेका शैक्षिक योग्यताका प्रमाणपत्र विहार संस्कृत शिक्षा वोर्डबाट जारी भएको रोल कोड नम्वर १४०६, क्रमाङ्क ९४८, पंजीयन संख्या १४-१०६९५/०७ र वर्ष २००७ भएको पूर्ण प्राप्ताङ्क ६५ प्रतिशत ल्याई First Division मा पास गरेको सीता कुमारी यादवको  बिहार संस्कृत शिक्षा बोर्डबाट जारी भएको भनिएको मध्यमा परीक्षा पासको शैक्षिक प्रमाणपत्र रहेको देखिन्छ। प्रतिवादी सीता कुमारी यादवले अनुसन्धानको क्रममा नियुक्ति लिंदा पेश गरेको उक्त सन् २००७ को मध्यमा तह उत्तिर्ण प्रमाणपत्र आफ्नो हो भनी निजको हस्तलिखित बयानको सवाल जवाफ नम्वर १०,११,१२ मा उल्लेख गरेको देखिन्छ, उक्त प्रमाणपत्र सत्यापनको लागि पठाउदा "अनुतीर्ण है। प्रमाणपत्र फर्जी है" भनी उल्लेख भई आएको देखिन्छ। विशेष अदालतले फैसला गर्दा आधार लिएको मिति २०५९/०४/१२ मा २०३००१७४ नम्वरको अस्थायी अध्यापन अनुमति पत्र नियुक्त लिंदा पेश गरेको देखिदैन र उक्त अध्यापन अनुमति पत्र पेश नगरेको भन्ने शिक्षा विभाग,विद्यालय व्यवस्थापन शाखा (प्राथमिक) बाट जिल्ला शिक्षा कार्यालय,धनुषा,जनकपुरलाई लेखिएको च.नं.४७,मिति २०७०/०६/१५ गतेको पत्रको व्यहोरा " जिल्ला शिक्षा कार्यालय धनुषा अन्तर्गत श्री नि.मा.वि.थुम्हौनाको प्रा.वि. राहत कोटामा मिति २०६४/०९/१३ मा नियुक्ति पाई कार्यरत सीता कुमारी यादवको २०५९/०३/२६ अस्थायी अध्यापन अनुमतिपत्र (प्रमाणपत्र नम्वर २०३००१७४) पहिले पेश नगरेकोले कार्यदलको प्रतिवेदनको कैफियतमा कागजात नमिलेको भनिएकोमा हाल निजको सक्कलै प्रमाणपत्र पेश हुन आएको  भन्ने समेत" उल्लेख भएबाट नियुक्ति लिदां उक्त अध्यापन पत्र पेश नगरेको भन्ने स्पष्टरुपमा देखिन्छ। उक्त अस्थायी अध्यापन अनुमति पत्रको शिर खण्डमा "यो प्रमाणपत्र वि.सं.२०६३/१०/२४ सम्म कायम रहने छ" भनी स्पष्ट रुपमा उल्लेख भएको,यि प्रतिवादी शिक्षक पदमा नियुक्ति हुँदासम्म उक्त अध्यापन अनुमति पत्रको वैधानिकता समेत समाप्त भैसकेको र उक्त प्रमाणपत्र सत्यापन समेत भएको नदेखिएको अवस्थमा नेपाल सरकारको मागदावी स्पष्ट रुपमा शैक्षिक योग्याको प्रमाण पत्र नक्कली रहेको दावी लिई आरोप पत्र दायर गरेको अवस्थामा उक्त सत्यापन नभएको र निजले नियुक्ति लिंदा पेश नै नगरेको तथा वैधानीकता समाप्त भएको अस्थायी अनुमती पत्रलाई आधार लिई निजले नियुक्ति लिंदा पेश गरेको  मध्यमा पासको उक्त प्रमाणपत्र नक्कली रहेको मिसिल संलग्न ठोस सवुद प्रमाणबाट पुष्टि हुँदा हुँदै उल्लिखित प्रमाणहरुको मुल्याङ्कन नगरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>•प्रस्तुत मुद्दामा प्रतिवादी सिता कुमारी यादवले अदालत समक्ष बयान गर्दा निजले सन्१९९९ मा हिन्दी विद्यापिठ देवदह (विहार) S.N.S.SCIENCE COLLEGE Charaut (सितामढी) बाट मध्यमा शिक्षा पास गरेको भनी जिकिर लिई अनुसन्धानको क्रममा  पेश भएका प्रमाण पत्र आफ्नो होइन भनी बयान गरेतापनी उक्त नियुक्ति लिंदा विद्यालयमा निजको विहार संस्कृत शिक्षा वोर्डबाट जारी भएको रोल कोड नम्वर १४०६, क्रमाङ्क ९४८, पंजीयन संख्या १४-१०६९५/०७ र वर्ष २००७ को First Division मा उतिर्ण गरेको मध्यमा पासको प्रमाणपत्र पेश गरेको देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा नियुक्ति लिंदा पेश गरेको उक्त सन् २००७ को मध्यमा तह उत्तिर्ण प्रमाणपत्र आफ्नो हो भनी निज प्रतिवादीको हस्तलिखित बयानको सवाल जवाफ नम्वर १०,११,१२ मा उल्लेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको देखिन्छ, उक्त प्रमाणपत्र सत्यापनको लागि पठाउदा "अनुतीर्ण है।प्रमाणपत्र फर्जी है" भनी उल्लेख भई आएको देखिन्छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट गणेश प्रसाद भुसाल विरुद्ध नेपाल सरकार (सर्वोच्च अदालत बुलेटिन,वर्ष १८,अंक २०,माघ २०६६,पूर्णाङ्क ४२२,पृष्ठ २३) मुद्दामा "प्रतिवादीले मुद्रण विभागमा सिनियर कम्पोजिटर पदमा नियुक्ति हुनको लागि पेश गरेको प्रमाणपत्र दिने संस्थाले नै नक्कली हो भनी उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमी मार्फत लेखिपठाएकोमा देखिंदा त्यसरी आफ्नो शैक्षिक योग्यता ढाँटी इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेको भनी नक्कली प्रमाणपत्र पेश गरी सो प्रमाणपत्रको आधारमा नियुक्ति समेत भई पदमा बहाल रहेको देखिएकोले सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुरजन्य रहेको देखिने" भनी नजिर सिद्धान्त समेत प्रतिपादन भएको अवस्थामा उक्त नजिर सिद्धानको प्रतिकूल हुने गरी प्रतिवादी सीता कुमारी यादवलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण रहि बदरभागी रहेको छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादी सीता कुमारी यादवलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |